# प्रदेश सरकार

भुमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, बिराटनगर
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र उदयपुर**
प्रदेश नं.१, गाईघाट
सूचना नं.: ४/२०७८-०७९
सूचना प्रकाशित मितिः २०७८।०५।०८

## प्रस्ताव आह्ववान सम्बन्धी सूचना

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र उदयपुरको आ.ब. २०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार "कृषि व्यवसाय प्रवर्द्धन कार्यविधि २०७६ (पहिलो संशोधन २०७७ समेत) " बमोजिमका शर्तहरु पालना गर्ने गरी देहायको कार्यक्रममा साझेदारी गर्न उदयपुर जिल्लाका ईच्छुक आवेदकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३०औ दिन अर्थात २०७८।०६।०६ गते भित्र कार्यालय समयमा प्रस्ताव दर्ता गर्नु हुन आह्ववान गरिन्छ। साथै म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु दर्ता नहुने र रित नपुगेका प्रस्तावहरु छनौट प्रक्रियामा समावेश नगरिने व्यहोरा सूचित गराईन्छ।

थप जानकारीका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र उदयपुरको फोन नं.०३५ ४२०१२९, ४२०६४७ वा अधिकृत श्री तेज बहादुर कार्कीको मोबाईल नं. ९८५२८३५३१३ मा सम्पर्क राख्नु हुन अनुरोधका साथै भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको वेवसाईट **www.molmac.p1.gov.np** बाट कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६ (पहिलो संशोधन २०७७ समेत) डाउनलोड गरी कार्यक्रम बारे थप जानकारी लिन सक्नु हुनेछ।

**कार्यक्रम बिवरणः**

| क्र.सं. | कार्यक्रमको नाम | इकाई | परिमाण | आयोजनाको अधिकतम साझेदारी रकम रु. | अनुदान प्राप्त गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|---|
| १ | ५०० लिटर क्षमताको चिलिगं भ्याट स्थापना | संख्या | २ | कुल लागतको ७५% वा बढीमा ५।०० लाख प्रति इकाई | दैनिक कम्तिमा ३०० लिटर दुध संकलन गर्ने सहकारी संस्था/ दुग्ध व्यवसायीक संघ संस्था/ फर्म /नीजि उद्यमी / व्यवसायी |
| २ | ग्रामिण कुखुराको लागि ह्याचरी स्थापना | संख्या | १ | कुल लागतको ७५% वा बढीमा ५।०० लाख प्रति इकाई | कम्तिमा महिनामा एक हजार देखि दुई हजार वटा चल्लाहरु ह्याचिङ्ग गरी वेच बिखन गरिरहेको सहकारी संस्था, फर्म, कम्पनी, नीजि/ उद्यमी व्यवसायी |
| ३ | बाख्राको बृहत्तर पकेट प्याकेज कार्यक्रम | संख्या | १ | कुल लागतको ७५% वा बढीमा २५।०० लाख प्रति इकाई | कृषक समुह समिति, पशुपालनमा आवद्ध सहकारी संघ/ संस्था र बाख्रापालन व्यवसायीक संघ संस्था (१ पकेटमा कम्तिमा ५०जना बाख्रा पालन गर्ने कृषकहरु आवद्ध हुन सक्ने) |
| ४ | मत्स्य यान्त्रीकिकरणमा अनुदान सहयोग | पटक | १ | कुल लागतको ७५% वा बढीमा ५।०० लाख प्रति इकाई | सहकारी संस्था, व्यवसायीक कृषक समुह/ समिति, कम्पनी, फर्म, निजी व्यवसायीक / उद्यमी |
| ५ | नयाँ माछा पोखरी क्षेत्र विस्तार | हेक्टर | ७ | कुल लागतको ७५% वा बढीमा ५ लाख प्रति इकाई | कम्तिमा तराईमा ६ कठ्ठा र पहाडमा २००बर्गमिटर नयाँ पोखरी निर्माण गर्न इच्छुक सहकारी संस्था, उद्यमी /निजि फर्म /कम्पनी, कृषक समुह समिति |
| ६ | युवा लक्षित पशु विकास कार्यक्रम | संख्या | २५ | कुल लागतको ७५% वा बढीमा २ लाख प्रति इकाई | १८ देखि ५० वर्ष उमेरका शिक्षित बेरोजगार, एक्कल महिला/ दलित/ जनजाति/ पिछडिएको वर्ग, महिला, सम्बन्धीत विषयमा तालिम प्राप्त युवाहरु, बैदेशिक रोजगारबाट फर्किएको युवाहरु |
| ७ | बंगुर विकास कार्यक्रम | संख्या | १ | कुल लागतको ७५% वा बढीमा २० लाख प्रति इकाई | कृषक समुह/ समिति / पशुपालनमा आवद्ध सहकारी संस्था (कम्तिमा ५०जना बंगुर पालन गर्ने कृषकहरु सहभागि हुन सक्ने) |
| ८ | निजी पाराभेट/पशु चिकित्सक लाई कृत्रिम गर्भाधान र पशु उपचारको लागि उपकरण खरीदमा सहयोग | संख्या | २ | कुल लागतको ७५% वा बढीमा १।५ लाख प्रति इकाई | निजी पाराभेट/पशु चिकित्सक |
| ९ | सहकारी संस्था मार्फत कृत्तिम गर्भाधान प्रवर्द्धन कार्यक्रम | संख्या | १ | कुल लागतको ७५% वा बढीमा ५।०० लाख प्रति इकाई | सहकारी संस्था |

**प्रस्तावको साथ संलग्न गर्नु पेर्ने कागजातहरुः**

१. रु. १० को हुलाक टिकट टाँस गरिएको तोकिएको ढाँचा बमोजिमको आवेदन पत्र।
२. व्यक्तिगत फर्मको हकमा रु.१०० तथा संस्थागत आवेदनको हकमा रु. २०० तिरेको राजश्व रसिद।
३. व्यवसायको संक्षिप्त कार्ययोजना।
४. लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र।
५. विगत ३ वर्ष भित्र प्रस्तावित कार्यक्रमको लागि अनुदान नलिएको स्वघोषणा पत्र।
६. प्रस्तावकले कम्तिमा १० वर्ष सम्म व्यवसाय संचालन गर्ने प्रतिवद्धता।
७. कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वमित्व देखिने प्रमाण पत्रको प्रतिलिपि वा लिजको घर जग्गामा कार्यक्रम स्थापना संचालन गर्ने भएमा जग्गाधनी संग कम्तिमा १० वर्षको करारनामा वा सम्झौता।
८. स्थानिय तहबाट उपयुक्त सहितको सिफारिस पत्र।
९. समुह समिति सहकारीको हकमा कार्यान्वयन गर्ने निर्णयको प्रतिलिपि।
१०.अन्य प्रमाण पत्रहरु (तालिम/ शैक्षिक योग्यता/ एकल महिला/ विदेशवाट फर्केको भए पासपोर्ट आदि) को प्रतिलिपि।
११.सूचना प्रकाशन हुतु अगावै प्रचलित कानून बमोजिम सरकारी निकायमा दर्ता/ नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि।
१२.कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि।
१३.भ्याट/ स्थायी लेखा नम्बर प्राप्त गरेको प्रमाणको प्रतिलिपि।
१४.अघिल्लो आ.ब. को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि।
१५.कुनै कार्वाहीमा नपरेको स्वघोषणा पत्र।